
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष … | काठमाडौं, मंगलबार १५ वैशाख २०८३ | वैशाख शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४६ | TUESDAY, APRIL 28, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




आवरण समाचार

# ग्रे-लिस्ट र युद्धको मारमा नेपाली अर्थतन्त्र

पछिल्लो समय नेपालको अर्थतन्त्रका केही सूचकहरू सकारात्मक देखिएका छन् । ऊर्जा क्षेत्रमा उल्लेख्य प्रगति भएको छ । बाह्य क्षेत्रको स्थिति पनि सन्तोषजनक छ । सामाजिक क्षेत्र सुधारोन्मुख छ । तर, आर्थिक वृद्धिदर तुलनात्मक रूपमा न्यून छ । बेरोजगारीको समस्या भयावह छ । पुँजीगत खर्च गर्ने क्षमता कमजोर छ । भ्रष्टाचार नियन्त्रण र सुशासनको अवस्था पनि कमजोर छ । नेपालको अर्थतन्त्र मध्यपूर्वको द्वन्द्व र ग्रे-लिस्टको दोहोरो मारमा छ ।

**सुरेन्द्र काफ्ले/सुनिता कार्की** | *काठमाडौं*

समाचार पृष्ठ २

# रस्साकस्सीबीच आङ्देम्बे भए दलको नेता

## प्रमुख सचेतकमा थापा र सचेतकमा राई

**राधा खनाल** | *काठमाडौं*

नेपाली कांग्रेसको प्रतिनिधिसभा संसदीय दलको नेतामा भीष्मराज आङ्देम्बे निर्वाचित भएका छन् । पार्टीभित्र करिब दुई महिनासम्म चलेको सघन छलफल र रस्साकस्सीपछि समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित आङ्देम्बेको नाममा सहमति जुटेको हो । अन्य राजनीतिक दलहरूले निर्वाचनलगत्तै संसदीय दलको नेता चयन गरिसकेको भए तापनि कांग्रेसले भने निर्वाचन सम्पन्न भएको करिब दुई महिनापछि मात्र यो प्रक्रिया टुंग्याएको छ ।

स्मरणीय छ, प्रतिनिधिसभाको निर्वाचन गत फागुन २१ गते सम्पन्न भएको थियो भने बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भएको पनि एक महिना पूरा भइसकेको छ । चैत १३ गते शाहको नेतृत्वमा वर्तमान सरकार गठन भएको थियो ।

सोमबार बसेको संसदीय दलको बैठकले झन्डै ५ दशकदेखि नेपाली राजनीतिमा सक्रिय, पञ्चायतविरोधी आन्दोलन तथा पहिलो र दोस्रो जनआन्दोलनका अग्रणी व्यक्तित्व आङ्देम्बेलाई दलको नेतामा निर्विरोध निर्वाचित गरेको हो । कुल २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा नेपाली कांग्रेसका ३८ जना सांसद छन्, जसमा प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० जना निर्वाचित भएका हुन् । कांग्रेसका सहमहामन्त्री एवं निर्वाचन समितिका संयोजक प्रकाश रसाइलीले संसदीय दलको बैठकबाट आङ्देम्बे सर्वसम्मत रूपमा निर्वाचित भएको आधिकारिक जानकारी दिएका छन् ।

संसदीय दलको नेता चयनका लागि लामो समयसम्म विभिन्न पक्षबीच बहस चलेको थियो । अन्ततः कार्यसम्पादन समितिको बैठकले आङ्देम्बेलाई नै निर्विरोध नेता बनाउने गरी सहमति जुटाउन सफल भएको हो । यसअघि संसदीय दलको नेताका लागि प्रभावशाली नेताहरू अर्जुननरसिंह केसी र मोहन आचार्यले पनि आफ्नो दाबी प्रस्तुत गर्दै आएका थिए । त्यस्तै, आकांक्षीका रूपमा सांसद बासना थापा र निश्कल राईको नामसमेत चर्चामा थियो । अन्ततः पार्टी सभापति शेरबहादुर देउवा पक्ष र डा. शेखर कोइराला पक्षबीच साझा सहमतिको बिन्दु ठम्याउँदै आङ्देम्बेको नाममा सर्वसम्मति कायम गरिएको हो ।

पाँचथरको फाल्गुनन्द गाउँपालिका-१, साविक नवमीडाँडामा जन्मिएका ६१ वर्षीय भीष्मराज आङ्देम्बे पूर्वी पहाडको एक प्रतिष्ठित र संभ्रान्त परिवारका सदस्य हुन् । साविक उम्लाबुङनिवासी उनी पूर्वमन्त्री देउमान आङ्देम्बेका नाति हुन् । पारिवारिक रूपमा आर्थिक रूपले सम्पन्न भए तापनि उनको परिवार लामो समयदेखि सामाजिक विसंगतिविरुद्धको संघर्ष र कांग्रेसको राजनीतिमा समर्पित रहँदै आएको छ ।

आङ्देम्बे स्वयम् २०३६ सालको जनमत संग्रहमा बहुदलको पक्षमा उभिएदेखि हालसम्मका हरेक राजनीतिक उतारचढावमा निरन्तर सक्रिय रहँदै आएका छन् । २०४२ सालको सत्याग्रहका क्रममा उनी नेपाल विद्यार्थी संघको केन्द्रीय सदस्य रहेकै



कांग्रेस संसदीय दलको नेता भीष्मराज आङ्देम्बे



बासना थापा, प्रमुख सचेतक



निश्कल राई, सचेतक

अवस्थामा ९ महिना जेल परेका थिए । २०४६ सालको जनआन्दोलनमा अग्रभागमा रहेर सक्रिय भूमिका निर्वाह गरेका कारण पूर्वी नेपालदेखि काठमाडौंसम्म उनको राजनीतिक चर्चा चुलिएको थियो ।

सोही आन्दोलनका क्रममा उनी पक्राउसमेत परेका थिए, जसको परिणाम स्वरूप देशमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएको थियो । २०४९ सालमा उनी जिल्ला विकास समिति पाँचथरको सदस्यमा निर्वाचित भएका थिए ।

राजनीतिक यात्राका क्रममा उनले नेपाली कांग्रेसका भ्रातृ संस्थाहरू नेपाल विद्यार्थी संघ र नेपाल तरुण दलको नेतृत्वदायी भूमिका निर्वाह गर्नुका साथै पार्टीको केन्द्रीय सहमहामन्त्रीको जिम्मेवारीसमेत सम्हालिसकेका छन् । संसदीय दलको नेता बन्ने चर्चा चुलिएकै बेला उनले सामाजिक सञ्जालमार्फत आफ्नो धारणा स्पष्ट पार्दै लेखेका थिए ।

'अहिलेको समयमा पार्टीका नयाँ योजना र सभापति गगन थापाको कार्यसम्पादन स्पिरिटसँग कदम मिलाएर अघि बढ्न हामी सबै प्रतिबद्ध छौं । संसदीय दलको नेतामा मैले इच्छा र दाबी प्रकट गरिरहँदा मलाई कुनै निश्चित समूहको 'लेबल' नलगाउन म पार्टीका साथीहरू र सञ्चारकर्मीहरूलाई आग्रह गर्दछु ।'

उनले पार्टीभित्रको गुटबन्दी र भागबन्डालाई 'पुरानो कथा' को संज्ञा दिँदै थपेका थिए, 'पार्टीको नेतृत्व र समग्र संगठनको हितमा हुने निर्णयमा हामी सबैको ऐक्यबद्धता हुनुपर्छ । म नेपाली कांग्रेसको इमानदार कार्यकर्ता हुँ र मलाई कुनै खास गुटसँग जोडेर नहेरियोस् । म सभापति गगन थापाजीको कार्यक्षमता र गतिशीलतामा साथ दिएर काम गर्न चाहन्छु ।'

२०४६ देखि २०५२ सालसम्म नेविसंघको राजनीतिमा विशेष दख्खल राखेका आङ्देम्बेले देशव्यापी भ्रमणमार्फत आफ्नो सांगठनिक क्षमता विस्तार गरेका थिए । २०५४ सालमा नेपाल तरुण दलको केन्द्रीय उपाध्यक्ष बनेका उनी आफ्नो प्रष्टवक्ता शैलीका कारण प्रशंसित थिए । २०६२/६३ को ऐतिहासिक जनआन्दोलनमा राजतन्त्रविरुद्ध सडकमा उत्रिँदा उनी घाइते हुनुका साथै पुनः जेल चलान भएका थिए । उनको संसदीय यात्रा २०७० सालको दोस्रो संविधानसभा निर्वाचनबाट सुरु भएको हो, जहाँ उनी पाँचथर क्षेत्र नं. २ बाट प्रत्यक्ष निर्वाचित भएका थिए ।

सो समयमा उनले उद्योग, वाणिज्य तथा उपभोक्ता समितिको सभापति बनेर आर्थिक नीति, व्यापार व्यवस्था र उपभोक्ता अधिकारका क्षेत्रमा महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गरे । २०७८ को १४औं महाधिवेशनमा उनी शेरबहादुर देउवा प्यानलबाट आदिवासी जनजातितर्फ केन्द्रीय सहमहामन्त्रीमा निर्वाचित भएका थिए । उनले पार्टीको आदिवासी जनजाति विभागको संयोजकका रूपमा समावेशिताको मुद्दालाई सशक्त ढंगले उठाएका थिए भने केन्द्रीय अनुशासन समितिको संयोजक बनेर संगठन सुदृढीकरणमा योगदान दिएका थिए । २०७९ को निर्वाचनमा नेकपा एमालेका वसन्तकुमार नेम्बाङसँग पराजित भएका आङ्देम्बे २०८२ को निर्वाचनमा भने समानुपातिक प्रणालीमार्फत सांसद बनेका हुन् ।

### प्रमुख सचेतकमा थापा र सचेतकमा राई

संसदीय दलको बैठकले बासना थापालाई प्रमुख सचेतक र निश्कल राईलाई सचेतकको जिम्मेवारी सुम्पिएको छ । दैलेख क्षेत्र नं. १ बाट निर्वाचित सांसद थापा र इलाम क्षेत्र नं. १ बाट निर्वाचित सांसद राई दुवैलाई कांग्रेसले युवा नेतृत्वको प्रतिनिधित्व गर्दै संसदीय जिम्मेवारी दिएको हो ।

### संवैधानिक परिषद्ले पायो पूर्णता

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसदीय दलको नेता चयन गरेसँगै संवैधानिक परिषद्ले पनि पूर्णता पाएको छ । लामो समयदेखि दलको नेता चयनमा भएको ढिलाइले गर्दा परिषद्को बैठक बस्न नसक्दा प्रधानन्यायाधीशलगायतका महत्वपूर्ण संवैधानिक निकायका नियुक्तिहरू अवरुद्ध भएका थिए । हाल सर्वोच्च अदालतमा सपना प्रधान मल्ल कायममुकायम प्रधानन्यायाधीशको रूपमा कार्यरत छिन् । नेपालको संविधानको धारा २८४ अनुसार संवैधानिक परिषद्को अध्यक्षता प्रधानमन्त्रीले गर्ने व्यवस्था छ । परिषद्का सदस्यहरूमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र प्रतिनिधिसभाको उपसभामुख रहने प्रावधान छ । अब बस्ने परिषद्को बैठकमा प्रधानमन्त्री बालेन्द्र शाह, सभामुख डीपी अर्याल, प्रधानन्यायाधीश राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, उपसभामुख रुवीकुमारी ठाकुर र विपक्षी दलका नेताका रूपमा भीष्मराज आङ्देम्बे सहभागी हुनेछन् । परिषद्को पहिलो बैठकमा भने कानुनमन्त्रीको समेत सहभागिता रहने संवैधानिक व्यवस्था रहेको छ ।

# भीआईपीले अब पाउँदैनन् विदेशको उपचार खर्च



**अन्नपूर्ण** | *काठमाडौं*

सर्वोच्च अदालतले उच्चपदस्थ सरकारी ओहोदामा रहेका विशिष्ट व्यक्तिहरूलाई विदेशमा उपचार गर्न सरकारी खर्च दिने व्यवस्था गैरकानुनी ठहर गर्दै खारेज गरेको छ ।

अधिवक्ता राधिका चम्लागाईं र स्वागत नेपालले दायर गरेको रिट निवेदनमा सर्वोच्चले आंशिक रिट जारी हुने फैसला गरेको हो । कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, शारंगा सुवेदी र अब्दुल अजीज मुसलमान सम्मिलित संवैधानिक इजलासबाट उक्त फैसला भएको हो । रिट निवेदनमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीशलगायत संवैधानिक निकायका पूर्वपदाधिकारीहरूले विदेशमा गराएको उपचार खर्च सरकारले बेहोर्ने कार्य संविधान र कानुनविपरीत रहेको दाबी गरिएको थियो ।

'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७३' को दफा १२(१)मा पूर्वविशिष्ट पदाधिकारीहरूलाई विदेशमा उपचार गराउँदा सरकारले खर्च दिने व्यवस्था थियो ।

उक्त व्यवस्था संविधानको धारा १८(१), धारा ३५(३) र जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३० सँग बाझिएको जिकिर रिट निवेदनमा गरिएको थियो । संवैधानिक इजलासले कार्यविधिमा रहेको उक्त व्यवस्था संविधानसँग बाझिएको ठहर गर्दै खारेज गरेको हो ।

सर्वोच्चका प्रवक्ता अर्जुन कोइरालाका अनुसार इजलासले पूर्वपदाधिकारीहरूलाई विदेशमा उपचार गराउँदा लागेको खर्च सरकारले बेहोर्ने कार्यविधि २०७३ को दफा १२(१) को व्यवस्था खारेज गरेको हो ।

रिट निवेदक स्वागत नेपालले २०६२ सालयता भीआईपी र भीभीआईपीको स्वास्थ्य उपचारमा राज्यको १० अर्ब ४१ करोड रुपैयाँ खर्च भएको बताए । यही अवधिमा ९ हजार ८ सय ३४ जना नागरिकले झाडापखाला लाग्दा जीवनजल र सिटामोलसमेत खान नपाएर मृत्युवरण गर्नुपरेको जानकारी निवेदक नेपालले दिए ।

# नारायणदत्त पौडेल बने सशस्त्र प्रहरी आईजीपी

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले सशस्त्र प्रहरी बल, नेपालको १३औं प्रहरी महानिरीक्षक (आईजीपी) मा अतिरिक्त महानिरीक्षक (एआईजी) नारायणदत्त पौडेललाई नियुक्त गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले वरीयताको पहिलो नम्बरमा रहेका पौडेललाई संगठनको नेतृत्व सुम्पिने निर्णय गरेको हो । सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार हालका आईजीपी राजु अर्यालले चार वर्ष पदावधि पूरा गरी यही वैशाख १८ गते अवकाश पाउने भएपछि रिक्त स्थानमा पौडेललाई बढुवा गरिएको हो । नवनियुक्त आईजीपी पौडेलले वैशाख १९ गतेदेखि सशस्त्र प्रहरीको कमान्ड सम्हाल्नेछन् ।



नगरपालिकाको खरिदारबाट सार्वजनिक सेवा प्रवेश गरेका पौडेलको सुरक्षा कमान्डसम्मको यात्रा संघर्षपूर्ण छ ।

» बाँकी पृष्ठ ५